आज मिति २०७८/०१/२१ गते साझ ०६:०० बजे प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमिल्सिनाज्यूको अध्यक्षतामा बसेको DCCMC (District Covid 19 crisis Management Center) बैठकले देहायका पदाधिकारीहरुको उपस्थितिमा निम्न बमोजिम गर्ने निर्णय गरियो ।

बिषेश उपस्थितिः-

प्रमुख श्री सोमनाथ पोर्तेल जिल्ला समन्वय समितिको कार्यालय, झापा

उपस्थिति

प्र.जि.अ. श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

स.प्र.जि.अ. श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी श्री अमरजंग थापा, नयाँ श्रीनाथ गण, झापा

प्र.उ.श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

स.प्र.उ. श्री रमेशकुमार पाण्डे; सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

उप.अनुसन्धान नि. श्री तिलक शर्मा प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

मे.सु. डा. श्री पिताम्बर ठाकुर, मेची अंचल अस्पताल, झापा

नि.जि.स.अ. श्री भानु भट्टराई, जिल्ला समन्वय समितिको कार्यालय, झापा

नि. का.प्र.स्वा.का. श्री जीवन चौलागाई, स्वास्थ्य कार्यालय, झापा

सभापति श्री लोकराज ढकाल नेपाल रेडत्रस सोसाइटी, झापा शाखा

निर्णयहरुः-

१. गृह मन्त्रालयको च.नं. ३१५८ मिति २०७८/०१/२० को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै./३२१/५२८६ मिति २०७८/०१/१९ गतेको पत्र मार्फत कोभिड-१९ सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को मं.प.बै.सं. ४/०७८ मिति २०७८/०१/१९ को बैठकको निर्णय कार्यान्वयन गर्न लेखि आएको हुँदा उक्त निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वय गरि सोको प्रतिवेदन दैनिक रुपमा गृह मन्त्रालय पठाउने ।

२. विश्वभर फैलिदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा झापा जिल्लामा समेत संक्रमण तीव्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि झापा जिल्लाभर देहाय अनुसार निषेधाज्ञा जारी गर्ने ।

देहाय :-

क. सर्वसाधारणका लागि

- अत्यावश्यक काम (औषधि, खाद्यवस्तु तथा अत्यावश्यक वस्तु वा सेवा खरिद) वाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।

- नेपाल सरकारद्वारा तोकिएको समाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड (नियमित रुपमा साबुन पानीले हात धुने, अनिर्वाय माक्स र स्यानिटाईजरको प्रयोग गर्ने) को अनिवार्य पालना गर्ने।
- हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।
- Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राखे ।

ख. सवारी साधन सञ्चालन सम्बन्धमा

- अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन्त मिति २०७८ बैशाख २२ गते राती १२:०० बजे देखि ऐ. ३१ गते राती १२:०० बजेसम्म झापा जिल्ला भर सञ्चालनमा पूर्ण रुपले रोक लगाउने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुग्धजन्य पदार्थ, पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाकसेवा लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

ग. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा

- खाद्यबस्तु, खाना पकाउने ग्यास, तरकारी फलफूल, दुध डेरी, निर्माण सामग्री लगायत अत्यावश्यक पसल व्यवसायहरु विहान ०६:०० बजे देखि विहान १०:०० बजे सम्म सञ्चालन गर्ने । डिपार्टमेन्ट स्टोरको हकमा ग्रोसरी कक्षमात्र विहान ०६:०० बजे देखि विहान १०:०० बजे सम्म सञ्चालन गर्ने । अन्य पसल व्यवसाय पूर्ण रुपले बन्द गर्ने । स्थानीय स्तरमा होम डेलिभरीका लागि आवश्यक व्यवस्था मिलाउन सकिने छ ।
- होटल तथा रेष्टुरेन्ट, मिठाई र चिया पसल समेत पूर्ण रुपले बन्द गर्ने । अनलाइन अर्डरका होम डेलिभरी तथा ग्राहक स्वयं आएर प्याकिङ्ग गरी लैजाने take away विधि प्रयोग गरी सञ्चालन गर्ने । होटलमा भेटघाट तथा जम्मा हुने गरी सेवा प्रदान गर्न नपाइने ।
- सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि सञ्चालन गर्न नपाईने ।

घ. सभा सम्मेलनको हकमा

- सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार जस्ता कार्यहरु संचालन गर्न नपाइने ।

ङ. उद्योग, कल-कारखाना र निर्माण कार्य संचालन सम्बन्धमा

- उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्नु पर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेनटाइनको व्यवस्था सम्बन्धित उद्योगले गर्ने।
- राष्ट्रिय गौरब र महत्वका आयोजना/परियोजनाको निर्माण कार्यलाई निरन्तरता दिने । निर्माण सामाग्री बोकेका सवारी साधन चल्न पाउने ।

- सार्वजनिक तथा निजी निर्माण कार्य गराउँदा कामदारलाई निर्माणस्थलमा नै राखे व्यवस्था मिलाएर सञ्चालन गर्ने ।

च. सरकारी/सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्था संचालन सम्बन्धमा

- सरकारी र सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्थाहरुमा अनावश्यक भिडभाड हुन नदिने र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालय आलोपालो पद्धति अनुसार कर्मचारी खटाई काम सुचारु राखे व्यवस्था मिलाउने । घरबाटै गर्न सकिने कामको हकमा Work From Home को व्यवस्था गर्ने, यसरी आलोपालोमा अनुपस्थित हुने कर्मचारीको हकमा कार्यालय प्रमुखले कोभिड काज जनाउने । साथै सरकारी, सार्वजनिक र अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालयको परिचय पत्रका आधारमा सवारी साधन चलाउन पाइने ।

छ. विवाह तथा मृत्यु संस्कार सम्बन्धमा

- विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलही सहित २ वटा सवारी साधनमा ५/५ जना सम्म व्यक्ति व्यानर राखेर प्रयोग गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति पास आवश्यक नपर्ने ।
- विवाह (दुलाहा दुलही सहित) तथा व्रतबन्ध आयोजनाका लागि २५ जना भन्दा बढी नहुने गरी सहभागी हुन पाउने ।
- मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागि हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिश) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने ।

ज. सीमा नाका सम्बन्धमा

- विश्व व्यापी रुपमा फैलिदै गई रहेको कोभिड-१९ संक्रमण अत्याधिक बढिरहेकोले सोको नियन्त्रणका लागि सीमा नाका काँकडभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख काँकडभिट्टा सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य मापदण्ड पालना गर्ने गरी आवत जावत गर्न दिइने ।
- काँकडभिट्टा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राखे, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने । यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने ।

झ. विविध

- सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।
- अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने ।

- निर्णयको अवहेलना गर्ने वा काममा बाधा पुर्‍याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कारवाही गरिनेछ ।

३. महामारीको उच्च जोखिमलाई विचार गरी स्वास्थय उपचार प्रयोजनका लागि आवश्यक परेसम्म निर्माण र उद्योग व्यवसाय लगायत अन्य प्रयोजनमा अक्सिजन आपूर्ति र प्रयोग गर्न रोक लगाउने । यो आदेश जारी हुनु अगाडि स्वास्थ्य उपचार बाहेक अन्यत्र प्रयोग भइरहेका अक्सिजन सिलिण्डरहरु ३ (तीन) दिनभित्र सम्बन्धित अक्सिजन उद्योग वा जिल्लास्थित अस्पतालमा बुझाउन सम्बन्धित सबैमा अनुरोध गर्ने ।

४. स्वास्थ्य कार्यालय झापाले जिल्ला अक्सिजनको आंकलन गरी सोको उपलब्धता सुनिश्चित गर्न आवश्यक सहजिकरण गर्ने । अक्सिजन प्लान्टको विवरण लिई उत्पादन सुचारु भए नभएको यकिन गरी मर्मत गरी सुचारु गर्न सकिनेलाई मर्मत गर्न लगाई जिल्लामा भएका सबै अक्सिजन प्लान्टहरु सुचारु गर्न आवश्यक सहजिकरण गर्ने ।

५. अक्सिजनको अवैध निकासी, कालो बजारी एवमं कृतिम अभाव हुन नदिन प्रभावकारी रुपमा अनुगमन निरीक्षण गर्ने ।

६. यस जिल्लाको राष्ट्रिय जनगणना, २०७८ का सम्पूर्ण गतिविधिहरु स्थगन गर्ने ।

७. अन्य जिल्लाका कोभिड-१९ संक्रमितहरुको उपचारको क्रममा यस जिल्लामा मृत्यु भएमा त्यस्ता व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धित जिल्लाले नै गर्ने ।

८. भारतबाट काँकडभिट्टा हुँदै नेपाल प्रवेश गर्ने नेपाली नागरिकहरुको लागि तयार गरिएको होल्डिङ्ग सेन्टरको सहज व्यवस्थापनको लागि तपशिल बमोजिमको सहजिकरण समिति गठन गर्ने।

| | |
|---|---|
| प्रमुख अध्यागमन कार्यालय, काँकडभिट्टा | संयोजक |
| प्रतिनिधि नेपाली सेना, नयाँ श्रीनाथ गण | सदस्य |
| प्रतिनिधि ईलाका प्रहरी कार्यालय, काँकडभिट्टा | सदस्य |
| प्रतिनिधि सशस्त्र प्रहरी बल नेपाल, २ नं. गण हे.क्वा., झापा | सदस्य |
| प्रतिनिधि स्वास्थ्य कार्यालय, झापा | सदस्य |
| प्रतिनिधि मेचीनगर नगरपालिका | सदस्य |